# मिति २०७७ जेठ १ गतेको वीरेन्द्रनगर नगरकार्यपालिकाको बैठकका निर्णयहरु

१.आर्थिक विकास समितिबाट पेश भएको कृषि विकास अनुदान कार्यक्रम संचालन कार्यविधि,२०७७ मा दफावार छलफल भयो । प्राप्त राय सुझाव समेटी आवश्यक संशोधन सहित स्वीकृत गरियो ।

२.बिश्वब्यापी रूपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) का बिरामीको संख्या संख्यात्मक रूपमा वृद्धि भईरहेको र बिश्व नै आक्रान्त भईरहेको परिपेक्ष्यमा यसको संक्रमणको जोखिम न्यूनीकरण गर्न यस नगरपालिकामा निम्न बमोजिम गर्नेः

(क) यस नगरपालिकाका स्थायी बासिन्दाहरुलाई उद्दार गरी पूर्व सावधानी गृहमा राख्नुपर्ने भएमा हरेक दिन साँझ ६ बजे भित्रमा पूर्व सावधानी गृहमा आउने वा ल्याउने ब्यक्तिहरुलाई मात्र गृहमा राख्ने । हाल संचालित पूर्व सावधानी गृहले नपुग भएमा क्रमशः अन्य विद्यालयहरुलाई समेत प्रयोग गर्न सकिने । महिलाका लागी क्यारेन्टाईन सचालनका लागी बागिना तथा दोहोरी गीत प्रतिष्ठानको हल प्रयोग गर्ने ।

(ख) यस नगरपालिका बाहेकका नागरिकलाई अबको दिनमा आश्रय स्थल तथा पूर्व सावधानी गृहमा राख्ने तथा उद्दार गर्ने कार्य नगरी जुन जिल्लाका नागरिक हुन सोही जिल्लामा सिधै पठाउनका लागी प्रदेश सरकार सँग अनुरोध गर्ने ।

(ग) नेपाल सरकारले गरेको लकडाउनलाई पूर्ण रुपमा पालना गर्न नगरबासीमा अनुरोध गर्नु का साथै बैठकका निर्णयहरु सचार माध्यबाट सार्वजनिक गर्ने ।

(घ) लक डाउनको समयमा नगरकार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालय लगायत संचालन गरी अत्यावश्यकीय सेवा प्रदान गर्ने सम्बन्धमा एकरुपता कायम गर्ने गरी संघीय सरकारको निर्णय बमोजिम गर्ने ।

३.नेपाल सरकारद्वारा जारी लकडाउनको अवधिमा यस नगरपालिकाको प्रकोप ब्यवस्थापन कोषमार्फत राहत वितरण तथा अन्य शीर्षकहरुमा भएको खर्च रकमबारे बैठकमा जानकारी गरियो। साथै विस्तृत विवरण अर्को बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने ।

४.प्रधानमन्त्री रोजगार कार्यक्रमको लागी चालु आर्थिक वर्षमा यस नगरपालिकामा ७५ लाख बजेटको पत्र प्राप्त भयो । सो सम्बन्धमा मन्त्रालयमा योजना माग गर्दा वडाहरुबाट पेश भएका योजना तथा हालै भएको लकडाउनबाट प्रभावित बेरोजगारलाई समेत रोजगारी दिने किसिमका योजना प्रस्ताव तयारी कार्यालयले गर्ने ।

५.विश्वव्यापी रुपमा फैलिएको कोरोना संक्रमणको कारण वीरेन्द्रनगरमा समेत आगामी दिनमा खाद्य संकट हुन सक्ने सम्भाव्यतालाई मध्यनजर गर्दै सो को जोखिम न्यूनिकरणका लागि देहाय बमोजिम बजेट व्यवस्था गरि कृषि प्रर्वद्धनलाई उच्च प्राथमिकतामा राखि चालू आ.व.०७६।७७ मा नगरका गतिविधि अगाडी वढाउने ।

➔ चालू आ.व.०७६।७७ का लागि स्वीकृत वार्ड स्तरीय योजना तथा कार्यक्रमहरु मध्ये हाल सम्म संचालन नभएको तालिम, गोष्ठी, क्षमता विकास र आर्थिक विकास क्षेत्रका जुनसुकै योजना तथा कार्यक्रमहरु संशोधन गरि वडा भित्र तरकारी खेति प्रर्वद्धनका लागि विउ विजन, औजार, प्रविधि हस्तान्तरणका लागि आज स्वीकृत कार्यविधि बमोजिम हुनेगरी आवश्यक वजेट व्यवस्था गर्ने र सो प्रयोजनका लागि अघिल्लो कार्यपालिका बैठकबाट निर्णय भए बमोजिमका योजना शंसोधनको प्रस्ताव वडा समितिले नगर कार्यपालिकामा पेश गर्ने ।

६.धान र मकैको विउ, रासायनिक मल, फलफूलको विरुवा वितरण गर्नको लागि नगरस्तरका निम्न योजना तथा कार्यक्रम संशोधन गर्दै वजेट व्यवस्था गरी कृषि प्रर्वद्धन विशेष कोष निर्माण गरि गर्ने ।

| **क्र.सं** | **संशोधन तथा कटौती हुने योजना तथा कार्यक्रमको नाम** | **कटौती हुने वजेट** | **स्वीकृत वजेट** |
|---|---|---|---|
| १ | कृषि प्रवद्र्धन तर्फ विनियोजित कार्यक्रम शिर्षकवाट पूर्व कार्यपालिकावाट स्वीकृत योजना तथा कार्यक्रम संशोधन एवं कटौती गरि | १० लाख | ३५ लाख |
| २ | एकिकृत सफ्टवयर खरिद तथा सूचना प्रविधि व्यवस्थापन | ३५ लाख | ७० लाख |
| ३ | न्यायिक क्षेत्र सुधार कार्यक्रम | १० लाख | २० लाख |
| ४ | मेट्रीक घर नम्वर | १० लाख | १० लाख |
| ५ | नगर अस्पताल स्थापना तथा संचालन | २५ लाख | ३५ लाख |
| | **जम्मा** | **९० लाख** | |